**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-९, संख्या-१६, मिति २०८२/०९/२८**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## मोदी गाउँपालिकाका करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धि कार्यविधि, २०८२

**प्रस्तावनाः**

नेपालको संविधानको धारा (३४) को उपधारा (२) अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४को दफा (१९)को प्रचलनको लागि मोदी गाँउपालिकामा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न वाञ्छनिय भएकोले मोदी गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (२०२) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि निर्माण गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम मोदी गाउँपालिकाका करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "कार्यविधि" भन्नाले मोदी गाउँपालिकाका करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि २०८२, सम्झनु पर्दछ ।

(ख) "गाउँकार्यपालिका" भन्नाले मोदी गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले मोदी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले मोदी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्दछ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

(च) "वडा" भन्नाले मोदी गाउँपालिका अन्तर्गतका सवै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले मोदी गाउँपालिका गाउँ कार्यपालिका कार्यालय मातहत रहेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले मोदी गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

(झ) “कार्यालय” भन्नाले मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र मातहतका निकायलाई सम्झनु पर्दछ ।

(ञ) "उपाध्यक्ष" भन्नाले मोदी गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्दछ ।

(ट) "प्रमूख प्रशासकीय" अधिकृत भन्नाले मोदी गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ठ) "सामाजिक सुरक्षा कोष" भन्नाले संघिय सरकारवाट जारी भएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ वमोजिम स्थापना भएको कोषलाई सम्झनु पर्दछ ।

(ड) "सेवा करारका कर्मचारी" भन्नाले मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलयले सेवा करारमा नियुक्त गरेका कर्मचारीलाई सम्झनु पर्दछ ।

(ढ) “ज्यालादारीमा कार्यरत कर्मचारी” भन्नाले मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलयले ज्यालादारीमा नियुक्त गरेका कर्मचारीलाई सम्झनु पर्दछ ।

**३. जिम्मेवारी र उत्तरदायित्वः**

(१) कार्यालयले तलव भत्ता भुक्तानी गर्ने करार तथा ज्यालादारीमा नियुक्त कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु मोदी गाउँपालिका गाउँ कार्यपालिकाको जिम्वेवारी हुनेछ ।

(२) कार्यालयले नियुक्त गरेका करार तथा ज्यालादारी कर्मचारीलाई वार्षिक रुपमा आवश्यक पर्ने कर्मचारीहरुको लागि रोजगारदाताले ब्यहोर्न पर्ने २० प्रतिशत रकम सुनिश्चित गरि गाउँसभावाट विनियोजन गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(३) कार्यालयमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकावाट पारित भए पश्चात प्रभावकारी रुपमा लागु गर्नु कार्यालयको कर्तब्य हुनेछ ।

(४) कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फवाट मासिक पारिश्रमिकको ११ प्रतिशत र गाउँपालिकाको तर्फवाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्नेछ । योगदान कर्ताको मासिक पारिश्रमिक गणना गर्दा कर्मचारीले खाईपाई आएको मासिक पारिश्रमिकको ६०%लाई शतप्रतिसत मानी सोको २०%बराबरको रकम कार्यालयले मासिक रुपमा जम्मा गर्नुपर्ने छ ।

**४. सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धी समिति व्यवस्थाः**

(१) सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गरि आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमूख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमूख - सदस्य

(ग)सामाजिक विकास शाखा प्रमुख - सदस्य

(घ) प्रशासन शाखा प्रमूख - सदस्य सचिव

(२) उपदफा (१) वमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) गाउँ कार्यपालिकाको कार्यालय वा मातहतको कार्यालयमा निरन्तर ६ महिना वा सो भन्दा वढी सेवा अवधि कार्य गरेका करार तथा ज्यालादारीमा कार्यरत

कर्मचारीहरु मध्ये योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने कर्मचारी संख्याको एकिन गर्ने ।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्वन्धमा वनेको नियमावली ,कार्यविधि तथा संघीय तथा प्रदेश सरकार सम्बन्धित निकायबाट निर्देशन भए बमोजिम करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने ।

(ग)करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सुचिकृत गर्न प्रचलित कानून वमोजिमका अन्य आवश्यक कार्य गर्ने

(घ)सामाजिक सुरक्षा कोषमा आबद्ध कुनै कर्मचारीले स्वेच्छाले राजिनामा दिएमा वा कार्यालयले स्वाबाट हटाएमा वा योगदान कर्ताको मृत्यु भएमा प्रचलित कानून बमोजिम योगदान वापत् बचत भएको रकम निज वा एकाघरको परिवारलाई प्रदान गर्ने गाउँपालिकामा स्वीकृतीको लागि सिफारिस गर्ने ।

(३)सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी उपदफा (१) बमोजिमको समितिले तयार गरेको विवरण गाउँकार्यपालिकामा स्वीकृतीको लागि पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त विवरण गाउँ कार्यपालिकाबाट स्वीकृती पश्चात कार्यालयले सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने छ ।

**५. थपघट, हेरफेर वा संशोधनः** गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**६. बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यन्वयनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मुलमर्म प्रतिकुल नहुने गरि गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**आज्ञाले**

**बाबुराम पुरी**

**प्रमूख प्रशासकीय अधिकृत**